"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## संशोधन पश्चात प्रकाशित सूचना

## नगरप्रहरी सहायक निरीक्षक तथा जवान पदको करारमा भर्ना लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२६**

यस नगरपालिकाको लागि देहायबमोजिम योग्यता भएको नगरप्रहरी सहायक निरीक्षक करारमा आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र मागबमोजिमको विवरण र यस नगरपालिकाको राजस्व उपशाखा/इकाईमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :**

| क.सं. | विज्ञापन नं. | पद | तह | माग पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४/२०८२/०८३ | नगरप्रहरी सहायक निरीक्षक | चौथो | १ (एक) | करार |
| २. | ५/२०८२/०८३ | नगरप्रहरी जवान | पहिलो | २ (दुई) | करार |

१. सेवाको किसिम : करार सेवा ।

२. आवश्यक न्यूनतम योग्यता :

- नगरप्रहरी जवानको लागि १८ वर्ष पुराभई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको, वहालवाला नगर प्रहरीको हकमा उमेर हद लाग्नेछैन । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्रप्रहरी बल, वेलायती सेना, भारतीय सेना, सिंगापुर प्रहरी वा सेनाबाट अवकाश पाएकाहरुलाई उमेरको हद लाग्ने छैन ।
- नगरप्रहरी सहायक निरीक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको अन्य पदको हकमा एस्एलसी/एसईई वा सो सरह उर्त्तिण गरेको।
- नगरप्रहरी जवानको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा एस. एल. सि., एस. ई. ई. वा सो सरह उत्तीर्ण भएको वा साथै सि. जि. पि. ए. मा लब्धाङ्कपत्र हुनेहरुको हकमा सम्पूर्ण विषयमा न्यूनतम सि.ग्रेड प्राप्त गरी न्यूनतम जि.पि.ए. २.०० हुनुपर्नेछ ।
- नेपाली नागरिकता प्रमाणपत्र ।
- A वर्गको सवारीचालक अनुमति पत्र प्राप्त भएको ।
- अवकाशपत्र तथा पेन्सनपट्टाको प्रमाणपत्र ।
- नगरप्रहरी सहायक निरीक्षक पदको लागि नेपाल प्रहरी, शसस्त्र प्रहरीको कम्तिमा असई/सई र नेपाली सेनाको कम्तिमा जमदार पदबाट अवकाश भएको हुनुपर्ने छ ।
- नगरप्रहरी सहायक निरीक्षक पदको लागि, सुरक्षाकर्मी भई कार्यरत रहेको अवश्थामा सेक्सन कमाण्डार,कमाण्डर कुनै युनिटको इन्चार्ज भई कमाण्ड सम्मालेको अनुभव प्राप्त/तालिम लिएको हुनुपर्नेछ ।
- नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
- कुनै राजनीतिक दलको सदस्य नरहेको ।
- मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
- आतङ्ककारी संगठनको सदस्य नरहेको ।
- प्रचलित कानून तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना ऐन तथा नियमावलीमा तोकिए बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

३. पारिश्रमिक तथा सेवासुविधा : करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१/२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com